**२०७६ साल फागुन २२ गते विहिबार दिनको १:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. त्रिभूवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगंजमा दोस्रो पटक मृगौला प्रत्यारोपण गरी उपचाररत रहनु भएका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू र उहाँलाई मृगौला प्रदान गर्ने समीक्षा संग्रौलाको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने तथा मृगौला प्रत्यारोपण गर्ने कार्यमा संलग्न चिकित्सक समेतको टोलीलाई धन्यवाद ज्ञापन गर्ने।

२. नोवेल कोरोना भाईरस (COVID-19) रोगको संक्रमण विश्वव्यापी रुपमा फैलिदै गरेको र छिमेकी मुलुकमा समेत यसको प्रभाव परेको सन्दर्भमा नोवेल कोरोना भाईरस (COVID-19) रोगको संक्रमण प्रति उच्च सजगता र सतर्कता अपनाई रोकथाम र नियन्त्रण गर्न यस रोगको संक्रमण नियन्त्रणमा नआएसम्म सर्वसाधारणको स्वास्थ्य संवेदनशिलतालाई उच्चतम ध्यानमा राखी ठूला जमघट, सभा सम्मेलन, गोष्ठी, भोजभतेर, उत्सव, समारोह जस्ता कार्यक्रम आयोजना नगर्न तथा सहभागी नहुन सर्वसाधारणमा सार्वजनिक आह्वान गर्ने।

३. अत्यावश्यक औषधि, खाद्य सामग्री तथा दैनिक उपभोगका वस्तुहरुको बजारमा नियमित र सहज आपूर्तिको व्यवस्था मिलाउन प्रदेशस्तर, जिल्लास्तर तथा स्थानीयस्तरबाट अनुगमन नियमनको कार्य प्रभावकारी बनाउन सम्वन्धित निकायमा लेखी पठाउने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ताल संरक्षण तथा विकास प्राधिकरणको कार्यकारी प्रमुखमा पोखरा महानगरपालिका वडा नं. १२, कास्की निवासी श्री अनुप गुरुङलाई नियुक्ति गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मुख्यमन्त्रीज्यूको प्रेस संयोजकमा राईनास नगरपालिका वडा नं. १०, (साविक प्यारजुङ-४) लमजुङ निवासी श्री विक्रम न्यौपानेलाई नियुक्ति गर्ने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा विधेयक समितिबाट परिमार्जन गरी पेश भएको "पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" स्वीकृत गर्ने।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा मादी गाउँपालिका वडा नं. १२, कास्की निवासी श्री ऋषिराम पाण्डेलाई नियुक्ति गर्ने।

८. सामाजिक विकास मन्त्रालयको शिक्षा तालिम केन्द्र, दमौलीको विस्तारित शाखाहरु म्याग्दी, कास्की र गोरखामा जनशक्ति व्यवस्थापन गर्ने।

९. सामाजिक विकास मन्त्रालयको नोवेल कोरोना भाईरस (COVID-19) नियन्त्रण र रोकथामका लागि उच्चस्तरीय निर्देशक समिति गठन गर्ने।

१०. सामाजिक विकास मन्त्रालयको नोवेल कोरोना भाईरस (COVID-19) लगायतका सरुवा रोग सम्वन्धी उपचारका लागि Quarantine (अलग) सम्वन्धी अस्पताल निर्माण गर्नका लागि नेपाल सरकारमा अनुरोध गर्ने।